# डुङ्गेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

## आर्थिक ऐन - २०७९

**गाउँपालिका** : **डुङ्गेश्वर**

**जिल्ला** : दैलेख

**प्रदेश** : कर्णाली, नेपाल

गाउँसभाबाट स्वीकृतः २०७९।०३।१०

प्रमाणिकरण मितिः २०७९।०३।१०

प्रमाणिकरण गर्नेको सहिः

# डुङ्गेश्वर गाउँपालिकाको आर्थिक ऐन,-२०७९

**प्रस्तावनाः**

डुङ्गेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ को उपधारा ४ तथा धारा २२८ को उपधारा २ बमोजिम डुङ्गेश्वर गाउँपालिकाको एघारौं गाउँ सभाले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम डुङ्गेश्वर गाउँपालिकाको आर्थिक ऐन २०७९ रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि डुङ्गेश्वर गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२ **सम्पति करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकिकृत रुपमा हिसाब गरी सम्पति कर लगाईने र असुल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पति कर लगाईने छैन ।

(२) उपदफा (१) बमोजिम लगाईने सम्पति कर **अनुसूचि —१** मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनोट, उपयोग अचल सम्पतिको उत्पादनशिल उपयोगको, अवस्था, नागरिकको जीवनस्तर, आर्थिक स्तर, कर तिर्नसक्ने क्षमता, अचल सम्पतिको बजार मूल्य तथा ह्रास मुल्य समेतलाई बिचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

३ **भुमिकर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र **अनुसूचि २** को बमोजिम मालपोत तथा भुमिकर लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पति कर लगाएको जग्गामा भूमिकर लगाईने छैन ।

४ **घर जग्गा बहाल कर** : (१) डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर **अनुसूची (३)** मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

**५. व्यवसाय कर** : (१) डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त ब्यवसायीहरुले प्रत्येक आर्थिक वर्षमा वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने उद्योग, व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची —४ मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

६ **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूचि —५** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणबलाई सम्झनु पर्दछ र डुङ्गेश्वर गाउँपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

७ **सवारी साधन कर:** (१) डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा कर्णाली प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ । तर अटोरिक्सा र विद्युतीय रिक्सामा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम डुङ्गेश्वर गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर **अनुसूची –६** बमोजिम हुनेछ ।

(३) कर्णाली प्रदेशले लगाएको सवारी साधन कर रकमबाट डुङ्गेश्वर गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८ **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचि –७** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९ **मनोरन्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा **अनुसूचि –८** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१० **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूचि –९** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११ **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूचि – १०** बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२ **सेवा शुल्क, दस्तुर** : (१) डुङ्गेश्वर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिप फ्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा गाउँपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका वा गाउँपालिका सँग समन्वय गरी लगाइनेछ ।

(२) डुङ्गेश्वर गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाह गृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) गाउँपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिकक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) डुङ्गेश्वर गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, **"घ" बर्गको निर्माण** व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर **अनुसूची –११** मा उल्लेख भए बमोजिम हुनेछ ।

१३ **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट **अनुसूची –१२** मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४ **निर्माण व्यवसाय इजाजत दर्ता नविकरण शुल्कः** गाउँपालिकाले **अनुसूची –१३** मा उल्लेखित दरमा निर्माण व्यवसाय इजाजत पत्रको दर्ता तथा नविकरण शुल्क लगाउन सक्नेछ ।

१५ **ढुङ्गा गट्टि वालुवा तथा सिलेट ढुवानी तथा निकासी करः** गाउँपालिकाले **अनुसूची १४** मा उल्लेखित दरमा ढङ्गा गट्टि वालुवा तथा सिलेट ढुवानी तथा निकासी कर लगाउन सक्नेछ ।

१६ **दहत्तर बहत्तर (दाउरा काठको लागि) शुल्कः** गाउँपालिकाले **अनुसूची १५** मा उल्लेखित दरमा दहत्तर बहत्तर (दाउरा काठको लागि) शुल्क लगाउन सक्नेछ ।

१७ **घर नक्सापास दस्तुर** : यस गाउँपालिकाले घर निर्माण अनुमति तथा पुर्जि सिफारिसको लागि **अनुसूची १६** मा उल्लेखित दरमा शुल्क लगाउन सक्नेछ ।

१८. **दण्ड जरिवाना** : (१) डुङ्गेश्वर गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) डुङ्गेश्वर गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१९ **कर छुटः** यस ऐनको दफा २ बमोजिमको करमा अनुसुची १ क को पुनश्च को आधार कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कर छुट दिईने छ ।

२० **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** राजश्व प्रक्षेपण अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

२१. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** : (१) डुङ्गेश्वर गाउँपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिकामा प्रशासकीय पुनरावलोकनकोलागि निबेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिका अध्यक्षको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस (३५) दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) डुङ्गेश्वर गाउँपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ।

**२२ ठेक्का आह्वान गर्न सक्ने** : (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) डुङ्गेश्वर गाउँपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु भन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) डुङ्गेश्वर गाउँपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने छ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

**२३ प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : डुङ्गेश्वर गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्ने छ ।

**२४. कार्यविधि बनाउन सक्ने** : (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२५ **खारेजी र बचाउ:** (१)डुङ्गेश्वर गाउँपालिकाको आर्थिक ऐन २०७८ खारेज गरीएको छ

(२) डुङ्गेश्वर गाउँपालिका आर्थिक ऐन २०७८ बमोजिम भए गरेका काम यसै ऐन बमोजिम भएको मानिनेछ ।

**अनुसुचि - १**

**(दफा २ को उपदफा (२) सँग सम्बनधित)**

**सम्पति करको दर**

| कर योग्य सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| १ लाख सम्म | एक मुष्ट रु ५० |
| १ लाख देखि ५ लाख सम्म | एक मुष्ट रु १०० |
| ५ लाख देखि १० लाख सम्म | प्रति लाख रु २५ |
| १० लाख देखि ५० लाख सम्म | प्रति लाख रु ३० |
| ५० लाख देखि १ करोड सम्म | प्रति लाख रु ३५ |
| १ करोड देखि ५ करोड सम्म | प्रति लाख रु ४० |
| ५ करोड भन्दा माथि | प्रति लाख रु ४५ |

## घरको मुल्यांकन

| क.स. | विवरण | रकम (प्रति वर्ग फुट) रु. |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्टक्चर भएको | १४०० |
| २ | पिलर विनाको पक्की घर | १००० |
| ३ | सिमेन्ट इटाको जोडाई टिन टायलको छाना | ६०० |
| ४ | ढुङ्गा, माटोको गारो, टिन टायलको छाना | ४०० |
| ५ | ढुङ्गा, माटोको गारो, टिन फुसको छाना | ३०० |
| ६ | काठको घर टिनको छाना | २०० |
| ७ | काठको घर फुसको छाना | १०० |
| ८ | सेड वा टहरा | ५० |
| ९ | टाटिले बनेको टिन वा फुसको छाना भएको घर | ५० |

**पुनश्चः**

| | |
|---|---|
| १) सम्पत्ति कर जरिवाना | १ वर्ष अगाडी १० प्रतिशत<br>२ वर्ष अगाडी १५ प्रतिशत<br>वर्षनी ५ प्रतिशतले बृद्धि हुदै जाने |
| २) सम्पत्ति कर छुट | प्रत्येक आ.व. को शुरुको १ महिना १० प्रतिशत छुट । विपन्न दलित तथा अन्य अति विपन्नव्यक्तिहरुको लागी सिफारिसका आधारमा २० प्रतिशत छुट प्रदान गरिने |

## अनुसुचि - २
### (दफा ३ सँग सम्बन्धित)
### मालपोत तथा भूमिकर

| क्षेत्र विभाजन | स्थान | न्यूनतम मूल्य (प्रति ५०० वर्ग मी.) | दर प्रतिशत (हुनआउने रकम) |
|---|---|---|---|
| **क) बजार क्षेत्र** | | | ०.१ प्रतिशत |
| | मुख्य सडकले छोएका (चुप्राबजार/डुङ्गेश्वर बजार) का जग्गाहरु | १ लाख | |
| | देउली बजार(साविक देउली गा.वि.स.) | १ लाख | |
| | अवलपराजुल बजार(साविक अवलपराजुल गा.वि.स.) | ४० हजार | |
| | बाझखर्क बजार(साविक अवलपराजुल गा.वि.स.) | ४० हजार | |
| | गाउपालिका केन्द्र वरपर(साविक डाडापराजुल गा.वि.स.) | ३० हजार | |
| | व्युराखेत बजार आसपास क्षेत्र | ३० हजार | |
| | डुङ्गेश्वर डाडापराजुल जामुना सडक आसपास क्षेत्र | ३० हजार | |
| | डुङ्गेश्वर व्युराखेत सडक आसपास क्षेत्र | ३० हजार | |
| | हनेटा बजार क्षेत्र | २५ हजार | |
| | गाउपालिका देउली सडक आसपास क्षेत्र | २५ हजार | |

| | | | |
|---|---|---|---|
| | जर्सीचोक देउली कुइयाताल सडा आसपास क्षेत्र | २५ हजार | |
| | वडा नं.१ कार्यालयदेखि देउली सडक आसपास क्षेत्र | २० हजार | |
| | मटेला बलेना देउली सडक आसपास क्षेत्र | २० हजार | |
| ख) गाउँ क्षेत्र | | | ०.०५ प्रतिशत |
| **अ) आवासिय क्षेत्र** | चुप्राबजार र डुङ्गेश्वर बजारको मुख्य सडक क्षेत्र बाहेकको | २० हजार | |
| | देउलीबजार,गाउपालिका केन्द्र,हनेटाबजार आसपास क्षेत्र | २० हजार | |
| **आ) कृषि क्षेत्र** | वन वगर क्षेत्रमा परेका बाहेकका सडकले नछोएका हनेटा | १५ हजार | |
| | वन वगर क्षेत्रमा परेका बाहेकका सडकले नछोएका ब्युराखेत | १५ हजार | |
| **इ) वन तथा वगर क्षेत्र** | खोला भित्र परेका वा खोला किनारले छोएका बेलपाटा | १५ हजार | |
| | खोला भित्र परेका वा खोला किनारले छोएका लाकुरी | १५ हजार | |
| | खोला भित्र परेका वा खोला किनारले छोएका डाडापराजुल र अवलपराजुल | १५ हजार | |

## अनुसूची-३

(ऐनको दफा ४ को उपदफा (२) संग सम्बन्धित)

## घर जग्गा बहाल करको दर

१.आवासका लागि घर भाडामा लगाएका घरधनीहरुले मासिक घर बहालको रकममा २% बहालकर भुक्तानी गर्नुपर्नेछ।

२.साना तथा खुद्रा किराना पसलका लागि घरबहाल कर ५% लाग्नेछ ।

३. लेखा परिक्षण गर्ने, सरकारी तथा गैरसरकारी संघसंस्था, व्यवसायिक प्रयोजनार्थ घर भाडामा लगाएका घरधनीहरुले बहाल रकमको १०% घरबहाल कर भुक्तानी गर्नुपर्नेछ ।

४. जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा १% का दरले बहालकर लाग्नेछ ।

**पुनश्च :**

१. साना तथा खुद्रा पसल भन्नाले स्थायी लेखा नम्बर भएका तर मूल्य अभिबृद्धि कर (VAT) दर्ता नभएका घरेलु तथा साना उद्योग कार्यालय र स्थानीय तहमा दर्ता भएका पसल तथा व्यवसायहरुलाई सम्झनु पर्दछ ।

२. स्थायी लेखा नम्बर तथा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका घरेलु तथा साना उद्योग कार्यालय, स्थानीय तह र बाणिज्य कार्यालयमा दर्ताभएका पसल तथा व्यवसायीहरुलाई अन्य व्यवसायको रुपमा सम्झनु पर्नेछ ।

## अनुसुचि - ४

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

**व्यबसाय कर**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर | कैफियत |
|---|---|---|---|
| १ | घरेलु उद्योग दर्ता शुल्क | रु ५००/ रु २५० | |
| २ | साना उद्योग दर्ता शुल्क | रु ३०००/ रु १००० | |
| ३ | मझौला उद्योग दर्ता शुल्क | रु ५०००/ रु २००० | |
| ४ | ठुला उद्योग दर्ता शुल्क | रु १००००/ रु ३००० | |

## अनुसूचि ४ (क)

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

# व्यवसाय कर

| सि.नं. | मर्मत तथा सम्भार सेवा तर्फ (दर्ता तथा नविकरण) | दर रु (वार्षिक) ०७८।०७९ दर्ता/नविकरण | दर रु (वार्षिक) ०७९।०८० दर्ता/नविकरण |
|---|---|---|---|
| **क)** | **सवारी साधन** | | |
| १ | चारपाङ्गे गाडी मर्मत | ५००/२५० | ५००/२५० |
| २ | मोटर साइकिल मर्मत | २५०/१०० | २५०/१०० |
| ३ | रेडियो, घडी, मोबाइल तथा विभिन्न उपकरण मर्मत | २००/१०० | २००/१०० |
| ४ | टायर पंचर टाल्ने र टायरमा हावा भर्ने | १००/५० | १००/५० |
| ५ | सवारी टेन्ट, पेन्ट गर्ने पसल | ५००/२५० | ५००/२५० |
| ६ | जीप, अटो , | १५००/२५० | १५००/२५० |
| ७ | मोटरसाईकल | ५००/१५० | ५००/१५० |
| ८ | ट्याक्टर, ट्रक | २०००/५०० | २०००/५०० |
| ९ | सवारी साधनको सिट हुट बनाउने पसल | २५०/१०० | २५०/१०० |
| १० | साइकल, कुकर, पंखा, छाता, स्टोभ आदि मर्मत | १००/५० | १००/५० |
| **ख)** | **स्वास्थ्य सेवा तर्फ (दर्ता तथा नविकरण)** | | |
| १ | निजी अस्पताल वा नर्सिङ्ग होम (प्रति सेवा) | ५०००/१००० | ५०००/१००० |
| २ | आयुवेद अस्पताल | ३०००/५०० | ३०००/५०० |
| ३ | कन्सल्टेन्ट(विशेषज्ञ चिकित्सक) | ३०००/५०० | ३०००/५०० |
| ४ | गैर सरकारी अस्पताल | ३०००/५०० | ३०००/५०० |
| ५ | डाइग्नोस्टिक सेन्टर | ३०००/५०० | ३०००/५०० |
| ६ | पोलिक्लीनिक(प्रति सेवा) | ५०००/१००० | ५०००/१००० |
| ७ | शिक्षण अस्पताल (प्रति सेवा) | ५०००/१००० | ५०००/१००० |
| ८ | सहकारी अस्पताल(एक पटक) | ३०००/५०० | ३०००/५०० |
| ९ | सामुदायिक अस्पताल(एक पटक) | ३०००/५०० | ३०००/५०० |
| १० | स्वास्थ्य क्लिनिक वा निजी क्लिनिक(एक पटक) | ५०००/१००० | ५०००/१००० |
| ११ | X-ray, Lab सुविधा सहितको डाक्टर सेवा भएको मेडिकल | २५००/१०० | २५००/१०० |
| १२ | X-ray,Lab सुविधा सहितको डाक्टर सेवा भएको मेडिकल पसल/औषधी | २५००/१०० | २५००/१०० |
| १३ | दाँत उपचार केन्द्र(एक पटक) | १०००/५०० | १०००/५०० |
| १४ | डाक्टर सेवा भएको मेडिकल पसल | १०००/५०० | १०००/५०० |
| १५ | सर्जिकल सामान बेच्ने पसल | १०००/५०० | १०००/५०० |
| १६ | बैद्यखाना तथा अन्य क्लिनिक, ल्याव | १०००/५०० | १०००/५०० |
| **ग)** | **शिक्षा सेवा(दर्ता तथा नविकरण)** | | |
| १ | निजीस्तरबाट संचालित मोन्टेश्वरी | २५०/१०० | २५०/१०० |
| २ | आधारभुत तह निजि विद्यालय | २५००/१००० | २५००/१००० |
| ३ | मा.वि. तहका निजी विद्यालय | ५०००/२००० | ५०००/२००० |
| ४ | निजी स्तरका क्याम्पस | १००००/५००० | १००००/५००० |
| ५ | Typing Computer तथा भाषा प्रशिक्षण केन्द्र | १०००/५०० | १०००/५०० |

| | | | |
|---|---|---|---|
| ६ | ट्यूशन सेन्टर स्थापना | १०००/५०० | १०००/५०० |
| **घ)** | **संचार सेवा तर्फ (दर्ता तथा नविकरण)** | | |
| १ | साइबर तथा इमेल इन्टरनेट (रेडियो पेजिङ्ग) आदि | ५००/२५० | ५००/२५० |
| २ | फोन, फ्याक्स,फोटोकपी | ५००/२५० | ५००/२५० |
| ३ | रिचार्जकार्ड डिलर | ५००/२५० | ५००/२५० |
| ४ | कुरियर सेवा | २५०/१०० | २५०/१०० |
| ५ | एफ.एम. रेडियो | ५०००/१००० | ५०००/१००० |
| ६ | नेपाल टेलिकम बाहेकका टेलिफोन संचालक | २५००/१००० | २५००/१००० |
| ७ | केवल नेटवर्क | १५००/१००० | १५००/१००० |
| **ङ)** | **छपाई तथा प्रकाशन (दर्ता तथा नविकरण)** | | |
| १ | अफसेट प्रेस | २५००/१००० | २५००/१००० |
| २ | साधारण प्रेश | १०००/५०० | १०००/५०० |
| **च)** | **वित्तीय सेवा तर्फ (दर्ता तथा नविकरण)** | | |
| १ | विभिन्न प्राइभेट वाणिज्य बैंकहरुको व्यवसाय कर | ७००० | ७००० |
| २ | विभिन्न सहकारी संस्थाहरु (गाउपालिका भित्र दर्ता भएका वा नभएका दुवैलाई व्यवसाय कर ) | २५०० | २५०० |
| ३ | अन्य कारोवार गर्ने सहकारी संस्थाहरु | १००० | १००० |
| ४ | सहकारी दर्ता तथा नविकरण | १०००/२५० | १०००/२५० |
| ५ | विदेशी मुद्रा सटही | ५००/२५० | ५००/२५० |
| ६ | बीमा कम्पनीहरुलाई व्यवसाय कर | २५०० | २५०० |
| ७ | मनिट्रान्सफर क श्रेणी | ५००/२५० | ५००/२५० |
| ८ | मनिट्रान्सफर ख श्रेणी | ३००/२०० | ३००/२०० |
| **छ)** | **होटल लज तथा रेष्टुरेन्ट बार (दर्ता तथा नविकरण)** | | |
| १ | गाँउमा उच्च स्तरको लजिङ्ग, फुडिङ्गको सुविधा भएको होटल | १०००/५०० | १०००/५०० |
| २ | गाँउमा सामान्य स्तरको लजिङ्ग, फुडिङ्गको सुविधा भएको होटल | ५००/२५० | ५००/२५० |
| ३ | राम्रो खालको रेष्टुरेण्ट एण्ड बार | १०००/५०० | १०००/५०० |
| ४ | सामान्य खालको रेष्टुरेण्ट एण्ड बार | ५००/२५० | ५००/२५० |
| ५ | सामान्य खालको होटल | २५०/१०० | २५०/१०० |
| ६ | ट्रावल्स एजेन्सी | ५००/२५० | ५००/२५० |
| ७ | होमस्टे | | ५००/२५० |
| **ज)** | **चिया नास्ता तथा चाटपसल (दर्ता तथा नविकरण)** | | |
| १ | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | ५००/२५० | ५००/२५० |
| २ | ग्रामिण क्षेत्रको चियानास्ता पसल | ३००/२०० | ३००/२०० |
| ३ | चाट पसल | २५०/१०० | २५०/१०० |
| **झ)** | **सुनचाँदी पसल (दर्ता तथा नविकरण)** | | |
| १ | थोक रुपमा तथा मेशिनद्वारा गहना बनाई बिक्रि गर्ने पसल | २०००/१००० | २०००/१००० |

| | | | |
|---|---|---|---|
| २ | साना तथा हाते गहना बनाई बिक्रि गर्ने पसल | १०००/५०० | १०००/५०० |
| ३ | गहना बनाउने तथा मर्मत गर्ने पसललाई | ५००/२५० | ५००/२५० |
| ञ) | **मदिरा पसल (दर्ता तथा नविकरण)** | | |
| १ | थोक बिक्रि पसल | २५००/१००० | २५००/१००० |
| २ | डिलर विक्रि पशल | २५००/१००० | २५००/१००० |
| ३ | खुद्रा बिक्रि पसल | १०००/५०० | १०००/५०० |
| ट) | **मासु पसल (दर्ता तथा नविकरण)** | | |
| १ | एक भन्दा बढि आइटम राखी मासु बेच्ने पसल | १०००/५०० | १०००/५०० |
| २ | राँगा, खसी र बुंगुर मध्ये कुनै एकको मात्र मासु बेच्ने पसल | ५००/२५० | ५००/२५० |
| ३ | माछा, कुखुरा, हाँस तथा अन्य पंक्षीको मासु बेच्ने पसल | ३००/२०० | ३००/२०० |
| ठ) | **स्टिल काठ फर्निचर कार्पेट बिक्रेता (दर्ता तथा नविकरण)** | | |
| १ | क श्रेणी | १०००/५०० | १०००/५०० |
| २ | ख श्रेणी | ७००/३०० | ७००/३०० |
| ड) | **बेकरी उद्योग र बेकरी पसल (दर्ता तथा नविकरण)** | | |
| १ | उद्योग दर्ता तथा नविकरण | १०००/५०० | १०००/५०० |
| २ | पसल दर्ता तथा नविकरण | ५००/२५० | ५००/२५० |
| ३ | दुवै गर्नेलाई | १०००/५०० | १०००/५०० |
| ढ) | **मेटल वर्कशप (दर्ता तथा नविकरण)** | | |
| १ | क श्रेणी (ग्रिल सटर निर्माण समेत) | १०००/५०० | १०००/५०० |
| २ | ख श्रेणी (सामान्य ग्रिल मर्मत) | ५००/२५० | ५००/२५० |
| ण) | **तरकारी र फलफुल पसल (दर्ता तथा नविकरण)** | | |
| १ | थोक पसल (क) | १०००/५०० | १०००/५०० |
| २ | थोक पशल (ख) | ७००/४०० | ७००/४०० |
| ३ | थोक पशल (ग) | ५००/२५० | ५००/२५० |
| ४ | खुद्रा पसल | ३००/१५० | ३००/१५० |
| त) | **मिलहरु प्रति हर्षपावर** | १५००/७०० | १५००/७०० |
| थ) | **किराना तथा खाद्य पसल (दर्ता तथा नविकरण)** | | |
| १ | गाउपालिकाका उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको किराना | २०००/१००० | २०००/१००० |
| २ | गाउपालिकाका मध्यम स्तरको किराना तथा खाद्य पसल (बिक्रि कक्षको अतिरिक्त | ५००/३०० | ५००/३०० |
| ३ | गाउपालिकाका निम्न स्तरको किराना तथा खाद्य पसल | ५००/३०० | ५००/३०० |
| ४ | दैनिक उपभोग्य खाद्य पसल | ५००/२५० | ५००/२५० |
| ५ | सामान्य घुम्टी पसल | १००/५० | १००/५० |
| द) | **काँचो कपडा, रेडिमेड फेन्सी तथा जुत्ता पसल** | | |
| १ | गाउपालिकाका उच्च स्तरको पसल ( गोदाम समेत राखेका थोक पसल | २५००/१००० | २५००/१००० |
| २ | गाउपालिकाका मध्यम स्तरको पसल (बिक्रि कक्षको अतिरिक्त गोदाम राखेको | १०००/५०० | १०००/५०० |
| ३ | गाउपालिकाका सामान्य स्तरको पसल (सामान्य विक्रि कक्षमात्र भएको पसल) | ७००/४०० | ७००/४०० |

| | | | |
|---|---|---|---|
| ४ | गाउपालिकाका निम्न स्तरको पसल सानो बिक्रि कक्षमात्र भएको पसल | ५००/२५० | ५००/२५० |
| ५ | उन तथा उनको कपडाको थोक बिक्रेता | ५००/२५० | ५००/२५० |
| ६ | उन तथा उनको कपडाको फुटकर बिक्रेता | ५००/२५० | ५००/२५० |
| ७ | ग्यास डिलर | १५००/७०० | १५००/७०० |
| ८ | शाखा डिलर | १०००/५०० | १०००/५०० |
| **ध)** | **टेन्ट हाउस (दर्ता तथा नविकरण)** | | |
| १ | टेन्ट हाउस उच्च स्तरको | ५००/२५० | ५००/२५० |
| २ | टेन्ट हाउस सामान्य स्तरको | ३००/१०० | ३००/१०० |
| **न)** | **प्लाष्टिक जन्य पसल (दर्ता तथा नविकरण)** | | |
| १ | थोक पसल | ५००/२५० | ५००/२५० |
| २ | खुद्रा पसल | ३००/१०० | ३००/१०० |
| **प)** | **कम्प्यूटर, मोबाइल, टि.भी. रेडियो, घडी तथा अन्य विद्युतीय सामान्य बेच्ने पसल** | | |
| १ | गाउपालिकाका उच्च स्तरको पसल कम्प्यूटर टि.भी. आदि डिलर तथा ठूलो होलसेल पसल | १५००/७०० | १५००/७०० |
| २ | गाउपालिकाका मध्यम स्तरको पसल कम्प्यूटर टि.भी. आदि मध्ये कुनै एकको डिलर भएता पनि सानो पसल | १०००/५०० | १०००/५०० |
| ३ | गाउपालिकाका सामान्य किसिमको पसल | ५००/२५० | ५००/२५० |
| ४ | रेडियो घडी मात्र राखेको सामान्य पसल | ५००/२५० | ५००/२५० |
| **फ)** | **सवारी साधन बिक्रि तर्फ (दर्ता तथा नविकरण )** | | |
| १ | चार पाङ्गे गाडि सोरुम तथा बिक्रिमा | २५००/१००० | २५००/१००० |
| २ | मोटरसाइकल सोरुम तथा बिक्रिमा | १५००/७०० | १५००/७०० |
| ३ | साइकल सोरुम बिक्रिमा | १०००/५०० | १०००/५०० |
| **ब)** | **अडियो भिडियो क्यासेट बिक्रि तथा मर्मत तर्फ(दर्ता तथा नविकरण)** | | |
| १ | क श्रेणीमा पर्ने | १०००/५०० | १०००/५०० |
| २ | ख श्रेणीमा पर्ने | ५००/३०० | ५००/३०० |
| **भ)** | **भाँडा पसल (दर्ता तथा नविकरण)** | | |
| १ | क श्रेणीमा पर्ने (सजावट तथा उपहारका सामान समेत राखेको) | १५००/१००० | १५००/१००० |
| २ | ख श्रेणीमा पर्ने | १०००/५०० | १०००/५०० |
| ३ | सामान्य पसल | ५००/२५० | ५००/२५० |
| **म)** | **कुखुरा पसल व्यवसाय (दर्ता तथा नविकरण)** | | |
| १ | १००० भन्दा बढि कुखुरा पाल्ने फम | ७००/२५० | ७००/२५० |
| २ | ५०० देखि १००० सम्म कुखुरा पाल्ने फम | ५००/२०० | ५००/२०० |
| ३ | ५०० भन्दा कम कुखुरा पाल्ने फम | ३००/१५० | ३००/१५० |
| **य)** | **स्टेशनरी तथा पुस्तक (दर्ता तथा नविकरण)** | | |
| १ | स्टेशनरी सामान्य पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | १५००/७०० | १५००/७०० |
| २ | स्टेशनरी सामान्य पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | ५००/२५० | ५००/२५० |

| | | | |
|---|---|---|---|
| ३ | स्टेशनरी मात्र वा पुस्तक मात्र बिक्रि गर्ने पसल | ३००/१०० | ३००/१०० |
| **र)** | **निर्माण सामाग्रि (हार्डवेयर, शिक्षा तथा विद्युत सामग्री पसल) दर्ता नविकरण** | | |
| १ | गाउपालिकाका उच्च स्तरको पसल | १५००/७०० | १५००/७०० |
| २ | गाउपालिकाका मध्यम स्तरको पसल | १०००/५०० | १०००/५०० |
| ३ | गाउपालिकाका सामान्य स्तरको पसल | ५००/२५० | ५००/२५० |
| **ल)** | **फोटो स्टुडियो दर्ता तथा नविकरण** | | |
| १ | गाउपालिकाका उच्च स्तरको पसल (कलर ल्याब समेत भएको) | १०००/५०० | १०००/५०० |
| २ | गाउपालिकाका मध्यम स्तरको पसल | ५००/२५० | ५००/२५० |
| ३ | गाउपालिकाका सामान्य स्तरको पसल | ३००/१०० | ३००/१०० |
| **व)** | **सैलुन तथा व्यूटीपार्लर पसल दर्ता तथा नविकरण** | | |
| १ | गाउपालिकाका राम्रो स्तरको पसल ४ सिट भन्दा बढि | ५००/२५० | ५००/२५० |
| २ | गाउपालिकाका सामान्य स्तरको पसल (४ सिट भन्दा कम) | ३००/१५० | ३००/१५० |
| **स)** | **टेलर (दर्ता तथा नविकरण)** | | |
| १ | क श्रेणीको पसल (४ भन्दा बढि मेशिन राखेको पसल) | ५००/२५० | ५००/२५० |
| २ | ख श्रेणीको पसल (२ भन्दा कम मेशिन राखेको पसल) | ३००/१०० | ३००/१०० |
| ३ | ग श्रेणीकोपसल (२ भन्दा कम मेशिन राखेको पसल) | २००/५० | २००/५० |
| **ष)** | **एग्रोभेट पसल (दर्ता तथा नविकरण)** | | |
| १ | क श्रेणीको (थोक पसल) | ५००/२०० | ५००/२०० |
| २ | ख श्रेणीको (खुद्रा पसल) | ३००/१०० | ३००/१०० |
| **ह)** | **स्नुकर र पुल हाउस (दर्ता तथा नविकरण)** | | |
| १ | स्नुकर | १०००/५०० | १०००/५०० |
| २ | पुल हाउस | ५००/२५० | ५००/२५० |
| **क्ष)** | **वार्षिक सवारी कर** | | |
| १ | बस, लहरी अन्य हेभी गाडिमा | ५००/१०० | ५००/१०० |
| २ | भाडाका कार, जीप मा | २००/५० | २००/५० |
| ३ | भाडाको टेम्पोमा | १००/२५ | १००/२५ |
| ४ | भाडाको मिनिबस र माइक्रोबसमा | ३००/१०० | ३००/१०० |
| ५ | निजी कार, टेम्पो तथा मिनीबस मा | १००/२५ | १००/२५ |
| ६ | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनहरु | ५०/२० | ५०/२० |
| ७ | ठेलागाडा तथा रिक्सामा | १००/५० | १००/५० |
| **त्र)** | **डिलर (दर्ता तथा नविकरण)** | | |
| १ | मदिरा, वियर जस्ता मादक पदार्थमा | २५००/१००० | २५००/१००० |
| २ | चुरोट, विडि जस्ता धुम्रपानमा | १५००/७०० | १५००/७०० |
| ३ | पेट्रोल पम्पमा | २५००/१००० | २५००/१००० |
| ४ | अन्य डिलरमा | १०००/५०० | १०००/५०० |
| **ज्ञ)** | **विशेष, परामर्श तथा अन्य व्यवसायिक सेवा (दर्ता तथा नविकरण)** | | |

| | | | |
|---|---|---|---|
| १ | चिकित्सक | १०००/५०० | १०००/५०० |
| २ | कविराज | ५००/२५० | ५००/२५० |
| ३ | इन्जीनियर | १०००/५०० | १०००/५०० |
| **ज्ञ१** | **निर्माण सेवा** | | |
| १ | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको ठेकेदार | १५०००/७००० | १५०००/७००० |
| २ | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको ठेकेदार | १००००/५००० | १००००/५००० |
| ३ | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको ठेकेदार | ७०००/३००० | ७०००/३००० |
| ४ | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार | ५०००/२५०० | ५०००/२५०० |
| ५ | कानुन व्यवसायी वरिष्ठ अधिवक्ता र अधिवक्ता | १०००/५०० | १०००/५०० |
| ६ | अभिकर्ता | ५००/२५० | ५००/२५० |
| ७ | लेखनदास | २५०/१०० | २५०/१०० |
| ८ | लेखापरीक्षण क र ख श्रेणी | १०००/५५० | १०००/५५० |
| ९ | लेखापरीक्षण ग श्रेणी | ५००/१०० | ५००/१०० |
| १० | लेखापरीक्षण घ श्रेणी | ३००/५० | ३००/५० |
| ११ | दन्त चिकित्सक | १०००/५०० | १०००/५०० |
| १२ | अनुसन्धान कर्ता तथा परामर्श दाता | १०००/५०० | १०००/५०० |
| १३ | कम्प्यूटर एनालिष्ट तथा प्रोग्राम | १०००/५०० | १०००/५०० |
| १४ | बिमा एजेन्ट | ५००/२५० | ५००/२५० |
| १५ | अनुवादक | ५००/२५० | ५००/२५० |
| १५ | पशु चिकित्सक | १०००/५०० | १०००/५०० |
| १६ | सामान्य ढुवानी तथा कम्पनी | १०००/५०० | १०००/५०० |
| १७ | नापी व्यवसाय | १०००/५०० | १०००/५०० |
| १८ | विज्ञापन एजेन्ट | ५००/२५० | ५००/२५० |
| १९ | वैदेशिक रोजगार एजेन्ट | १५००/५०० | १५००/५०० |
| २० | स्वदेशी रोजगार एजेन्ट | १०००/५०० | १०००/५०० |
| २१ | सेक्रेटरीयल सेवा | १०००/५०० | १०००/५०० |
| २२ | एयरलाइन्स र कार्गो सेवा | २०००/७०० | २०००/७०० |
| २३ | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद बिक्रि रियल स्टेट | १५००/७०० | १५००/७०० |
| २४ | सटिङ्ग सामानहरु | १०००/५०० | १०००/५०० |
| २५ | कवाडी सामान संकलन तथा बिक्रि | ५००/२५० | ५००/२५० |
| २६ | डाइ क्लिनर्स | ३००/१०० | ३००/१०० |
| २७ | साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | ३००/१०० | ३००/१०० |
| २८ | फुल र विरुवा बिक्रेता | २००/५० | २००/५० |
| २९ | सिसा, प्लाईउड बिक्रेता | ३००/१०० | ३००/१०० |
| ३० | खेलौना र उपहार गिफ्ट बिक्रेता | ३००/१०० | ३००/१०० |
| **ज्ञ२** | **चुरा पोते पसल (दर्ता तथा नविकरण)** | | |

| | | | |
|---|---|---|---|
| १ | क श्रेणी ( व्यूटी पार्लर) महिला | ५००/२५० | ५००/२५० |
| २ | ख श्रेणी | ३००/१५० | ३००/१५० |
| ज्ञ३ | **चस्मा पसल** (दर्ता तथा नविकरण) | | |
| १ | चिकित्सक सेवा सहितको | १०००/५०० | १०००/५०० |
| ज्ञ४ | **मसाज पार्लर दर्ता तथा नविकरण** | १०००/५०० | १०००/५०० |
| ज्ञ५ | **औद्योगिक कारखाना तथा उद्योगहरु** | | |
| १ | चामल, दाल, पिठो, तेल उत्पादन गर्ने र गल्ला खरीद सहित ठूलो उद्योगबाट | २०००/७०० | २०००/७०० |
| २ | चामल, दाल, पिठो, तेल उत्पादन गर्ने मिनि प्लान्टमा | १०००/५०० | १०००/५०० |
| ३ | सामान्य पसल | ५००/२५० | ५००/२५० |
| ४ | डेरी ठूलो पसल | ५००/२५० | ५००/२५० |
| ५ | काठ चिरान मिलमा | १०००/३०० | १०००/३०० |
| ६ | फर्निचर, काठ, चिरान मिलमा | १०००/३०० | १०००/३०० |
| ७ | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ,ब्लक, गमला बनाउनेबाट क श्रेणी | १०००/५०० | १०००/५०० |
| ८ | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट ख श्रेणी | ५००/२५० | ५००/२५० |
| ९ | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट ग श्रेणी | ३००/१०० | ३००/१०० |
| १० | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योगबाट | १५००/७०० | १५००/७०० |
| ११ | पाउरोटी सर्वत बनाउने उद्योगबाट | ५००/२५० | ५००/२५० |
| १२ | बिना चिम्नीका इटा भट्टा उद्योगबाट | १५००/७०० | १५००/७०० |
| १३ | चिम्नी भएको इटा भट्टा उद्योगबाट | | |
| १४ | मैनबत्ती उद्योगबाट | ५००/२५ | ५००/२५० |
| १५ | साबुन सोडा उत्पादन उद्योगबाट | ५००/२५० | ५००/२५० |
| १६ | चाउमीन उत्पादन उद्योगबाट | ५००/२५० | ५००/२५० |
| १७ | काठको गिलास ठेकी उत्पादन उद्योगबाट | ५००/२५० | ५००/२५० |
| १८ | सटर ग्रिल उद्योगबाट | १०००/५०० | १०००/५०० |
| १९ | सोलार व्यवसाय | १५००/७०० | १५००/७०० |
| २० | जडिबुटि बिक्रि तथा प्रशोधन | १०००/५०० | १०००/५०० |
| २१ | **साउन्ड सिस्टम भाडामा तथा बिक्रि** | ५००/२५० | ५००/२५० |
| २२ | **डिपार्डमेन्टल सुपर मार्केट** (दर्ता तथा नविकरण) | १०००/३०० | १०००/३०० |
| २३ | **खसीबोका बिक्री केन्द्र** (दर्ता तथा नविकरण) | ५००/२५० | ५००/२५० |

**अनुसुचि-५**
**(दफा ६ सँग सम्बन्धित)**
**जडिबुटी,कवाडी र जीवजन्तु कर**

| सि.नं. | कर शिर्षक | दर रु(वार्षिक) ०७८।०७९ | दर रु(वार्षिक) ०७९।०८० |
|---|---|---|---|
| १ | सुनगाभा प्रति के.जी. | १० | १० |
| २ | टिमुर प्रति के.जी. | ५ | ५ |
| ३ | ऋफल बोको प्रति के.जी. | ३ | ३ |
| ४ | काउलो प्रति के.जी. | ५ | ५ |
| ५ | पाखनवेद प्रति के.जी. | १० | १० |
| ६ | चुत्रो बोको प्रति के.जी. | ५ | ५ |
| ७ | समयो प्रति के.जी. | ५ | ५ |
| ८ | रुदाक्षे प्रति के.जी. | १० | १० |
| ९ | गुच्ची च्याउ प्रति के.जी. | १०० | १०० |
| १० | बोक्रो प्रति के.जी. | ५ | ५ |
| ११ | काठ प्रति क्यू फीट (साल) | २५ | २५ |
| १२ | काठ प्रति क्यू फीट(सल्ला) | १५ | १५ |
| १३ | कुकाठ प्रति क्यू फीट | १५ | १५ |
| १४ | जीवजन्तु हाडखोर प्रति गोटा | १० | १० |
| १५ | खोटो प्रति के.जी. | १ | १ |

## अनुसुचि - ६

## (दफा ७ उपदफा (२) सँग सम्बन्धित)

## सवारी साधन कर

| सि.नं. | कर शिर्षक | स्वीकृत कर ०७८।०७९ | स्वीकृत कर ०७९।०८० | कैफियत |
|---|---|---|---|---|
| १ | रिक्सा | १०० | १०० | वार्षिक |
| २ | अटो रिक्सा | ३०० | ३०० | वार्षिक |
| ३ | जिप | १००० | १००० | वार्षिक |
| ४ | मोटर साईकल | १०० | १०० | वार्षिक |
| ५ | बस | १५०० | १५०० | वार्षिक |

## अनुसुचि - ७

## (दफा ८ सँग सम्बन्धित)

## बिज्ञापन कर

| सि.नं. | विज्ञापन कर | दर रु(वार्षिक) ०७८।०७९ | दर रु(वार्षिक) ०७९।०८० |
|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड प्रति वर्ग फिट मदिरा तथा सुर्ती जन्य बाहेकमा | २५ | २५ |
| २ | होडिङ्ग बोर्ड प्रति वर्ग फिट मदिरा तथा सुर्ती जन्य | २५ | २५ |
| ३ | ब्यानर सडक वारपार भएको (बढीमा १५ दिन) | १५० | १५० |
| ४ | ब्यानर पोलमा झुण्डाउने प्रति पिस (बढिमा १५ दिन) | २५ | २५ |

## अनुसुचि - ८

## (दफा ९ सँग सम्बन्धित)

## मनोरन्जरकर कर

| सि.नं. | मनोरन्जन कर | दर रु(वार्षिक) ०७८।०७९ | दर रु(वार्षिक) ०७९।०८० |
|---|---|---|---|
| १ | सिनेमाहल, मिडियाहल, साँस्कृति प्रदर्शन हल आदिमा प्रवेश शुल्क | १००० | १००० |
| २ | जादु, सर्कस, चटक, आदिमा (प्रतिदिन) | २०० | २०० |
| ३ | व्यवसायिक भिडियो कर | १५०० | १५०० |
| ४ | सांस्कृति प्रदर्शन(प्रति पटक) | ५०० | ५०० |

## अनुसुचि - ९
### (दफा १० सँग सम्बन्धित)
### बहाल बिटौरी शुल्क

| सि.नं. | कर शिर्षक | स्वीकृत कर (मासिक रु.) ०७८।०७९ | स्वीकृत कर (मासिक रु.) ०७९।०८० | कैफियत |
|---|---|---|---|---|
| १ | हाट बजार(प्रति स्टल) | ५० | ५० | वार्षिक |
| २ | ऐलानि जग्गा भाडा | ५०० | ५०० | प्रति रोपनी |
| ३ | बाटोको छेउका अस्थायि पसल भाडामा (प्रति टहरा) | १००० | १००० | वार्षिक |
| ४ | अन्य भाडा | ५०० | ५०० | वार्षिक |

## अनुसुचि - १०
### (दफा ११ सँग सम्बन्धित)
### पार्किङ शुल्क

| सि.नं. | कर शिर्षक | स्वीकृत कर (मासिक रु.) ०७८।०७९ | स्वीकृत कर (मासिक रु.) ०७९।०८० | कैफियत |
|---|---|---|---|---|
| १ | मोटर साईकल | १० | १० | |
| २ | कार,जिप,डेलिभरी भ्यान | ५० | ५० | |
| ३ | टेम्पो,अटोरिक्सा | ५ | १५ | |
| ४ | पावर टेलर | ५० | ५० | |
| ५ | टयाक्ट्रर | ५० | ५० | |
| ६ | मिनि बस,मिनि ट्क | १०० | १०० | |
| ७ | रोड रोलर डोजर | २०० | २०० | |
| ८ | क्रेन,दमकल,लोडर | २००0 | २०० | |
| ९ | अन्य | १०० | १०० | |

## अनुसूची ११
(दफा १२ को उपदफा (४)संग सम्बन्धित)
### सेवा शूल्क, दस्तुरको दर

गाउँपालिकाले उपलब्ध गराउने स्थानीय पुर्वाधार तथा अन्य सेवामा सेवाग्राहीहरुबाट पटके रुपमा लिइने सेवा शुल्क तथा महशुलको दर ।

| सि.नं. | विवरण | दर रु (वार्षिक) ०७८।०७९ | दर रु (वार्षिक) ०७९।०८० |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस/प्रतिलिपि | ० | १००/१०० |
| २ | सिफारिस दस्तुर | १५० | १५० |
| ३ | सर्जिमिन सिफारिस | २५० | २५० |
| ४ | जग्गा खरीद बिक्रि (ग) फाराम | ५०० | ५०० |
| ५ | घर नक्सा पास (निवेदन) | २५० | २५० |
| ६ | चार किल्ला प्रमाणित | १५० | १५० |
| ७ | नाता प्रमाणित | १५० | १५० |
| ८ | व्यक्तिगत गटना दर्ताको विलम्ब शुल्क (३५ दिन नाघेमा) | १०० | २०० |
| ९ | घटना दस्तुर पञ्जिकरण प्रतिलिपि | ५० | ५०० |
| १० | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | | २०० |
| १० | विदेश जानका लागि सिफारिस (सार्क मुलुकमा ) | २५० | ३०० |
| ११ | विदेश जानका लागी सिफारिस तेस्रो मुलुकमा | ३०० | ३५० |
| १२ | नाम थर शंशोधन सिफारिस | २०० | १५० |
| १३ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी आवासीय | २०० | २०० |
| १४ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी व्यवसायीक | २५० | २५० |
| १५ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित पहिलो कित्ता माग भएमा | १०० | १०० |
| १६ | ट्रेस नक्सा प्रमाणित मात्र पहिलो कित्ता माग भएमा | ५०० | ५०० |
| १७ | ट्रेस नक्सा १ कित्ता भन्दा बढी भाग भएमा प्रति कित्ता थप | २५ | २५ |
| १८ | कम्प्यूटर (English Type) सिफारिस | २०० | २०० |
| १९ | पेन्सन पट्टा सिफारिस (स्वदेशी संस्थामा) | ३०० | २०० |
| २० | पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा) | ५०० | ५०० |
| २१ | औद्योगिक प्रायोजनको लागि ठूलो सर्जिमिन दस्तुर | ५०० | ५०० |
| २२ | औद्योगिक प्रायोजनको लागि सानो सर्जिमिन दस्तुर | २५० | २५० |
| २३ | व्यवसायिक प्रयोजनको लागि ठूलो सरर्जिमिन दस्तुर | १५० | १५० |
| २४ | व्यवसायिक प्रायोजनको लागि सानो | १०० | १०० |
| २५ | स्थानीय ठेगाना प्रमाणित सिफारिस | १०० | १०० |
| २७ | मिलापत्र निवेदन दस्तुर | ५०० | ५०० |
| २८ | जग्गा दर्ता सिफारिस प्रतिरोपनी | २५ | २५ |
| २९ | राजिनामा/बकसपत्र सिफारिस | ५०० | ५०० |
| ३० | जग्गा सिमा विवादमा अमिन खटाई सिमाकन गर्नु पर्दा निवेदकले प्राप्ती उजुरी | १००० | १००० |
| ३१ | फिल्ड रेखांकन पहिलो कित्ता | १००० | १००० |
| ३२ | फिल्ड रेखांकन थप प्रतिकित्ता | ५०० | ५०० |
| ३३ | अधिकृत स्तरको परिक्षा दस्तुर | १००० | १००० |
| ३४ | ना.सु स्तरको परिक्षा दस्तुर | ४०० | ४०० |
| ३५ | खरिदार स्तरको परिक्षा दस्तुर | | ३०० |
| ३६ | स्वयसेवी गणक स्तरको परिक्षा दस्तुर | | २०० |
| ३७ | का.स. स्तरको परिक्षा दस्तुर | १५० | १५० |
| ३८ | संस्था दर्ता तथा नवीकरण | ५००/२५० | ५००/२५० |
| ३९ | आय स्रोत प्रमाणित सिफारिस (आयको) | ०.१ | ०.१ |
| ४० | निजी विद्यालय अपग्रेड सिफारिस/ अनुमती | | |
| क) | आधारभुत तह सम्मको लागि | १०००/५० | १५००/७५०० |
| ख) | मा.वि. सम्मको लागि | १५००/७०० | २०००/१००० |
| ३४ | उद्योग स्थापना सिफारिस | | |
| क | उद्योग नामसारी तथा ठाउँसारी सिफारिस | २५० | २५० |

| | | | |
|---|---|---|---|
| ख | पशु वस्तु (राँगा भैंसी, गोरु) को निकासी सिफारिस प्रतिगोटा | २५० | २५० |
| ग | खसी निकाशी सिफारीस प्रति गोटा | ५० | ५० |
| घ | गैर संघ संस्था, क्लब, Computer, Scuter, गाडिको सिफारिस | १००० | १००० |
| ३९ | कृषि फर्म दर्ता, समुह दर्ता/ नविकरण | ५०० | ५००/२५० |
| ४० | घर जग्गा नामसारी दस्तुर | २५० | २५० |
| ४१ | योजना सम्झौताका लागि सिफारिस | | |
| क) | एकलाख सम्मको योजना | १५० | १०० |
| ख) | एकलाख देखि पाँचलाख सम्मको योजना | २०० | २०० |
| ग) | पाँचलाख देखि २५ लाख सम्मको | ३०० | ५०० |
| घ) | २५ लाख देखि ५० लाख सम्मको | ५०० | १००० |
| ङ) | ५० लाख भन्दा बढी जतिसुकै भएपनि | १००० | २००० |
| ४२ | गाउँपालिकाले निर्माण गरेका सडकहरुमा सवारी पटके प्रवेश शुल्क | | |
| क) | बस | १०० | १०० |
| ख) | जिप | ५० | ५० |
| ग) | ट्रक | १०० | १०० |
| घ) | रिटेलिङ्ग गाडी | १५० | १५० |
| ४३ | घुम्ती ब्यापार(डुलुवा ब्यापार) दैनिक | १०० | १०० |
| ४४ | हाट बजार (प्रति स्टल) | १०० | ५०० |
| ४६ | ग्रेड सिट प्रतिलिपि | ० | १०० |
| ४८ | म्याद नागेका फम/समुह प्रति वर्ष | | १५० |

**अनुसुचि - १२**

**(दफा १३ सँग सम्बन्धित)**

**पर्यटन शुल्क**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर (प्रतिपटक रु.) ०७८।०७९ | स्वीकृत कर (प्रतिपटक रु.) ०७९।०८० | कै |
|---|---|---|---|---|
| १ | ढुंगेलदेवता पर्यटन शुल्क( अन्तराष्ट्रिय) | ५० | ५० | |
| २ | कुइयाताल पर्यटन शुल्क ( अन्तराष्टिय) | १०० | १०० | |

**अनुसुचि -१३**

**(दफा १४ सँग सम्बन्धित)**

**निर्माण व्यवसाय इजाजत पत्र दर्ता तथा नविकरण शुल्क**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर( वार्षिक रु.) ०७८।०७९ | स्वीकृत कर ( वार्षिक रु. ) ०७९।०८० | कैफियत |
|---|---|---|---|---|
| १ | घ वर्ग इजाजत पत्र दर्ता शुल्क | ५००० | १०००० | |
| २ | इजाजत पत्र नविकरण शुल्क (६ महिना भित्र) | २५०० | ५००० | |
| ३ | इजाजत पत्र नविकरण शुल्क (६ महिना पछि) | ४००० | ७००० | |
| ४ | घ वर्ग इजाजत पत्र प्रतिलिपि | | १००० | |

## अनुसुचि-१४
## (दफा १५ सँग सम्बन्धित)
## ढुङ्गा, गिट्टी,
## बालुवा तथा सिलेट ढुवानी तथा निकासी कर

| सि.नं. | कर शिर्षक | स्वीकृत दर (रु.) ०७८।०७९ | स्वीकृत दर (रु.) ०७९।०८० | कैफियत |
|---|---|---|---|---|
| १ | ढुङ्गा प्रति ट्यक्टर | ० | २०० | |
| २ | ढुङ्गा प्रति टिप्पर | ० | ३०० | |
| ३ | बालुवा प्रति ट्यक्टर | १०० | ३०० | |
| ४ | बालुवा प्रति ट्रक टिप्पर | १५० | ५०० | |
| ५ | माटो प्रति ट्यक्टर | ५० | ५० | |
| ६ | माटो प्रति ट्रक टिपर | १०० | १०० | |
| ७ | गिट्टी प्रति ट्यक्टर | १०० | ३०० | |
| ८ | गिट्टी बालुवा ट्रक टिपर | १५० | ५०० | |
| ९ | सिलेट प्रति ट्यक्टर | १०० | १०० | |
| १० | सिलेट प्रति ट्रक टिपर | १५० | १५० | |

## अनुसुचि – १५
## (दफा १६ सँग सम्बन्धित)
## दहत्तर बहत्तर शुल्क

| सि.नं. | कर शिर्षक | स्वीकृत दर (रु.) ०७८।०७९ | स्वीकृत दर (रु.) ०७९।०८० | कैफियत |
|---|---|---|---|---|
| १ | दाउरा प्रति भारी | १० | १० | |
| २ | दहत्तर बहत्तर ढुवानि प्रति ट्यक्टर | १५० | १५० | |
| ३ | दहत्तर बहत्तर ढुवानि प्रति ट्रक टिपर | २५० | २५० | |
| ४ | सामुदायिक वन उपभोक्तालाई (कुल आम्दानीको ५ प्रतिशत) | ५ प्रतिशत | ५ प्रतिशत | |

## अनुसुचि – १६
## (दफा १७ सँग सम्बन्धित)
## घर नक्शापास दस्तुर

| क्र.सं. | घरको बनावट | मुख्य बजार सडकको दायां नयां बन्ने घरको प्रति वर्गफिट रू. | पिच सडकको दायां बायां घरको प्रति वर्गफिट रू. | अन्य सडक वा ठाउमा बन्ने घरको प्रति वर्गफिट रू. | कैफियत |
|---|---|---|---|---|---|

| आर.सि.सि.ढलान बनावट | | ०७८।०७९ | ०७८।०७९ | ०७८।०७९ | ०७९।०८० | ०७९।०८० | ०७९।०८० | |
|---|---|---|---|---|---|---|---|---|
| क | भुइतला | ०.५० | ०.२५ | ०.२५ | ०.५० | ०.२५ | ०.२५ | |
| ख | प्रथम तला | १ | १ | १ | १ | ०.७५ | ०.७५ | |
| ग | दोश्रो तला र सो भन्दा माथि | १.५० | १.५० | १ | १ | ०.७५ | ०.७५ | |

**घर नक्सा**

नक्सा पास गर्दा रेखांकन शुल्क (ले आउट)

(क) ६५ वर्ग मी. सम्म रु.३५०।००

(ख) ६६ वर्ग मी. देखि ९० वर्ग मी. सम्म रु.५००।००

(ग) ९१ वर्ग मी. देखि ११५ वर्ग मी. सम्म रु.६००।००

(घ) ११६ वर्ग मी. देखि माथि रु.१०००।०